मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
महोत्तरी, जलेश्वर

Email: akcmahottari@gmail.com
Website: akcmahottari.p2.gov.np
Phone: 044520495, 9854032245
FB: facebook.com/akc.mahottari

प.सं. : ०८३/०८४

सूचना नं.: ०१-८३।८४

कृषि विकास कार्यक्रमहरुको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !!

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१२

यस कृषि ज्ञान केन्द्र, महोत्तरीको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले यस जिल्लाका इच्छुक लक्षित वर्गले आवेदन पेश गरेको कार्यक्रमको नाम स्पष्ट खुलाइ माग गरिएको कागजात सहित प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन (२०८३/०८/११ गते) कार्यालय समय भित्र यस कृषि ज्ञान केन्द्र, महोत्तरीमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । थप जानकारी तथा प्रस्ताव फारम यस कार्यालयको आधिकारिक वेबसाइट akcmahottari.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

तपसिल

क्र. सं.	कार्यक्रमहरुको नाम	लक्षित वर्ग	प्रस्ताव पेश गर्न आवश्यक कागजातहरु	खर्च गर्न सकिने क्षेत्रहरु
१	व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम	कृषक/ कृषक समूह/ कृषि सहकारी	➢ कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम। ➢ कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि अथवा संस्थाको हकमा कार्य समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। ➢ समूह/सहकारी संस्थाको हकमा दर्ता, प्यान नं., आ.व. २०८३।८४ मा कर चुक्ता भएको प्रमाणपत्र/म्याद थपको पत्र, कार्यक्रम सञ्चालन सम्बन्धी संस्थाको निर्णय र अख्तियारीनामा। ➢ स्थानीय तहको कृषि विकास शाखा वा वडा कार्यालयबाट सिफारिस पत्र । ➢ व्यवसायिक रुपमा तरकारी खेती गर्न ईच्छुक कृषकको हकमा कम्तीमा ५ कट्ठा तथा कृषक समूह/ कृषि सहकारीको हकमा न्युनतम २ विघा क्षेत्रफल भएको जग्गाधनीपुर्जाको प्रतिलिपि वा लिजको जग्गा भएमा कम्तिमा ५ वर्षको वडा कार्यालयबाट प्रमाणित करारनामा पत्र । ➢ सम्बन्धित बालीको कार्ययोजना तथा प्रस्तावित क्रियाकलाप सहितको लागत अनुमान र स्व-घोषणापत्र	क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम • व्यवसायिक तरकारी उत्पादन गर्ने कृषकले बेमौसमी तरकारी उत्पादन गर्न चाहेमा वा गरिरहेकोमा ग्रीन हाउस/नेट हाउस, थोपा सिंचाइ, प्लाष्टिक घर लगायतका पूर्वाधारमा सहयोग • कृषि उत्पादन सामग्रीहरु (बीउ, बेर्ना, कृषि चुन, फेरोमोन पासो) • कृषि सम्बन्धी स्वचालित यन्त्र उपकरणहरु • साना सिंचाई व्यवस्थापन • तालिम तथा क्षमता अभिवृद्धि ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम • हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेवलिङ्ग, प्रशोधन उत्पादनोपरान्त प्रविधि तथा पूर्वाधार निर्माण ग) बजार प्रवर्द्धन कार्यक्रम • ई-लोडर • संकलन/भण्डारण केन्द्र, कोल्ड च्याम्बर निर्माण • वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट
२	पुष्प खेती प्रवर्द्धन कार्यक्रम	कृषक	➢ कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम। ➢ कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । ➢ कृषि फर्मको हकमा दर्ता, प्यान नं., आ.व. २०८३।८४ मा कर चुक्ता भएको प्रमाणपत्र/म्याद थपको पत्र, कार्यक्रम सञ्चालन सम्बन्धी संस्थाको निर्णय र अख्तियारीनामा।	क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम • उन्नत बीउ,बेर्ना,मल्चिङ्ग • औजार तथा यन्त्र उपकरणहरु • साना सिंचाई व्यवस्थापन • तालिम तथा क्षमता अभिवृद्धि ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम • हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्रशोधन लगायतका उत्पादनोपरान्त प्रविधि तथा पूर्वाधार निर्माण

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
महोत्तरी, जलेश्वर

Email: akcmahottari@gmail.com
Website: akcmahottari.p2.gov.np
Phone: 044520495, 9854032245
FB: facebook.com/akc.mahottari

प.सं.: ०८३/०८४

क्र. सं.	कार्यक्रमहरु को नाम	लक्षित वर्ग	प्रस्ताव पेश गर्न आवश्यक कागजातहरु	खर्च गर्न सकिने क्षेत्रहरु
			➢ स्थानीय तहको कृषि विकास शाखा वा वडा कार्यालयबाट सिफारिस पत्र । ➢ न्यूनतम २ कट्ठा क्षेत्रफलमा व्यवसायिक रुपमा पुष्प खेती गर्न ईच्छुक वा गर्नुपर्ने जग्गाधनीपुर्जाको स्पष्ट स्वयं-प्रमाणित प्रतिलिपि वा लिजमा लिएको अवस्थामा जग्गाधनीपुर्जाको तथा कम्तीमा ५ वर्षको करारनामा पत्रको स्पष्ट स्वयं-प्रमाणित प्रतिलिपि। ➢ सम्बन्धित बालीको कार्ययोजना तथा प्रस्तावित क्रियाकलाप सहितको लागत अनुमान र स्व-घोषणापत्र ।	
३	मखान खेती प्रवर्द्धन कार्यक्रम	कृषक/ कृषि उद्यमी/ कृषक समूह/ कृषि सहकारी	➢ कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम। ➢ कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अथवा संस्थाको हकमा कार्य समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । ➢ समूह/सहकारी संस्थाको हकमा दर्ता, प्यान नं., आ.व. २०८३/८४ मा कर चुक्ता भएको प्रमाणपत्रको /म्याद थपको पत्र, कार्यक्रम सञ्चालन सम्बन्धी संस्थाको निर्णय र अख्तियारीनामा। ➢ स्थानीय तहको कृषि विकास शाखा वा वडा कार्यालयबाट सिफारिस पत्र । ➢ मखान बाली खेती गर्न ईच्छुक कृषक/ उद्यमी/ समूह/ सहकारीहरुले कम्तीमा ५ कट्ठा क्षेत्रफल भएको जग्गाधनीपुर्जाको स्पष्ट स्वयं-प्रमाणित प्रतिलिपि वा लिजमा लिएको अवस्थामा जग्गाधनीपुर्जाको तथा कम्तीमा ५ वर्षको करारनामा पत्रको स्पष्ट स्वयं-प्रमाणित प्रतिलिपि। ➢ सम्बन्धित बालीको कार्ययोजना तथा प्रस्तावित क्रियाकलाप सहितको लागत अनुमान र स्व-घोषणापत्र	• प्रस्ताव तथा स्थलगत अनुगमनको आधारमा उपयोगि औजार उपकरण तथा पूर्वाधार निर्माण सहयोग • तालिम तथा क्षमता अभिवृद्धि • प्रविधि प्रदर्शन
४	च्याउ प्रवर्द्धन कार्यक्रम	कृषक/ कृषक समूह/ कृषि उद्यमी/ कृषि सहकारी	➢ कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम। ➢ कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अथवा संस्थाको हकमा कार्य समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि । ➢ समूह/सहकारी संस्थाको हकमा दर्ता, प्यान नं., आ.व. २०८३/८४ मा कर चुक्ता भएको प्रमाणपत्रको /म्याद थपको पत्र, कार्यक्रम सञ्चालन सम्बन्धी संस्थाको निर्णय र अख्तियारीनामा। ➢ कृषकको हकमा न्यूनतम ५ केजी बीउ तथा कृषक समूह/ कृषि उद्यमी/ कृषि सहकारीहरुको हकमा	क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम • च्याउ स्पन, कम्पोस्ट तथा प्याकिङ्ग प्लाष्टिक लगायतका उत्पादन सामग्री • च्याउ उत्पादन सम्बद्ध कृषि यन्त्र उपकरण तथा पूर्वाधार • तालिम तथा क्षमता अभिवृद्धि ख) उत्पादन उप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम • प्रशोधन,प्याकेजिङ्ग,भण्डारण,लेवलिङ्ग लगायत पोष्ट हार्भेष्ट उपकरण

राजीव कुमार

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
महोत्तरी, जलेश्वर

Email: akcmahottari@gmail.com
Website: akcmahottari.p2.gov.np
Phone: 044520495, 9854032245
FB: facebook.com/akc.mahottari

प.सं. : ०८३/०८४

क्र. सं.	कार्यक्रमहरु को नाम	लक्षित वर्ग	प्रस्ताव पेश गर्न आवश्यक कागजातहरु	खर्च गर्न सकिने क्षेत्रहरु
			न्यूनतम १०० के.जी. बीउ प्रयोग गरी च्याउ उत्पादन गर्न ईच्छुक । ➢ स्थानीय तहको कृषि विकास शाखा वा वडा कार्यालयबाट सिफारिस पत्र । ➢ सम्बन्धित बालीको कार्ययोजना तथा प्रस्तावित क्रियाकलाप सहितको लागत अनुमान र स्व-घोषणापत्र	
५	रैथाने बाली प्रवर्द्धन कार्यक्रम (सोहिजन, कोदो, फापर आदिको लागि)	कृषक	➢ कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम। ➢ नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। ➢ स्थानीय तहको कृषि विकास शाखा वा वडा कार्यालयबाट सिफारिस पत्र । ➢ सोहिजन, कोदो, फापर आदिको खेति गर्ने कृषकले कम्तीमा १ कट्ठा जग्गाधनी प्रमाणपत्रको स्पष्ट स्वयं-प्रमाणित प्रतिलिपि वा लिजमा लिएको अवस्थामा जग्गाधनीपुर्जाको तथा कम्तीमा ५ वर्षको करारनामा पत्रको स्पष्ट स्वयं-प्रमाणित प्रतिलिपि। ➢ सम्बन्धित बालीको कार्ययोजना तथा प्रस्तावित क्रियाकलाप सहितको लागत अनुमान र स्व-घोषणापत्र	क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम • बीउ, बेर्ना • औजार तथा यन्त्र उपकरणहरु • साना सिंचाई व्यवस्थापन • तालिम तथा क्षमता अभिवृद्धि ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम • हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्रशोधन लगायतका उत्पादनोपरान्त प्रविधि
६	व्यवसायिक उखु खेती परियोजना कार्यक्रम	कृषक/ फार्म/ कृषि समूह/ सहकारी	➢ कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम। आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, ➢ सम्बन्धित स्थानीय तहको सिफारिस, ➢ कृषकको हकमा कम्तीमा १० कट्ठा, फार्मको हकमा २ विघा, कृषि समूह/सहकारीको हकमा १५ विघा क्षेत्रफलमा उखु खती गरिरहेको वा गर्न इच्छुक जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि वा लिजमा लिएको अवस्थामा जग्गाधनीपुर्जाको तथा कम्तीमा ५ वर्षको करारनामा पत्रको स्पष्ट स्वयं-प्रमाणित प्रतिलिपि ➢ चिनी मिलबाट प्राप्त हुने उखु बिक्री वितरण गरेको प्रमाण खुल्ने चलान पुर्जी वा सो सम्बन्धी अन्य कागजातहरुको प्रतिलिपि । ➢ कृषक समूह/सहकारी/फर्मको हकमा संस्था दर्ता प्रमाण पत्र र नवीकरणको प्रतिलिपि, ➢ कृषक समूह/सहकारी/फर्मको स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपि, ➢ कृषक समूह/सहकारी/फर्मको हकमा गत आ.व.को लेखा परीक्षण प्रतिवेदन र २०८३/८४ मा कर चुक्ता भएको/म्याद थपको प्रमाणपत्रको प्रतिलिपि, ➢ कृषक समूह/सहकारीको हकमा कार्यक्रम संचालन सम्बन्धी निर्णयको प्रतिलिपि र अख्तियारीनामा,	१. साना सिंचाई व्यवस्थापन २. यान्त्रिकरण: क) उखु खेतीमा यान्त्रिकरण प्रवर्द्धनको लागि सहकारी संस्थाको सहकार्यमा कष्टम हायरिङ्ग सेन्टर स्थापना एवं संचालन गरिने छ । ख) कृषकहरुको हकमा मिनी ट्रयाक्टर, बीउ सेट्स काट्ने, खनजोत गर्ने, रोप्ने, गोडमेल गर्ने स्वचालित यन्त्र (मिनी टिलर, पावर टिलर आदि), पावर स्प्रेयर, खुट्टी व्यवस्थापन गर्न आवश्यक मेसिनरीहरु जस्तै एम.बी. प्लाउ, ट्रेन्च रिजर, बड चिपर, बड कटर, केन प्लान्टर मेसिनहरुमा सहयोग उपलब्ध गराइनेछ । ३. घुसुवा बाली प्रवर्द्धनः उखु बालीमा घुसुवा बाली प्रवर्द्धनको लागि घुसुवा बाली प्रदर्शनी कार्यक्रम कम्तिमा १० कट्ठामा संचालन गरिनेछ र सो को लागि चाहिने बीउ, प्राङ्गारिक मल लगायत अन्य सामग्री उपलब्ध गराइनेछ । ४. क्षमता अभिवृद्धिः उखुबालीमा संलग्न कृषकहरुको प्राविधिक क्षमता अभिवृद्धिका लागि नवीन प्रविधिहरु सम्बन्धी तालिम/ उखुबाली सम्बन्धी जिल्ला भित्रै वा अन्तरजिल्ला अध्ययन तथा अवलोकन भ्रमण

राजीव कुमार यादव
कार्यालय प्रमुख
(अधिकृतस्तर दर्शी)

मधश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
महोत्तरी, जलेश्वर

Email: akcmahottari@gmail.com
Website: akcmahottari.p2.gov.np
Phone: 044520495, 9854032245
FB: facebook.com/akc.mahottari

प.सं. : ०८३/०८४

क्र. सं.	कार्यक्रमहरु को नाम	लक्षित वर्ग	प्रस्ताव पेश गर्न आवश्यक कागजातहरु	खर्च गर्न सकिने क्षेत्रहरु
७	हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गको जिविकोपार्जन का लागि १००% अनुदानमा कृषि विकास कार्यक्रम	हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गहरु	➢ कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम। ➢ कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि अथवा संस्थाको हकमा कार्य समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि । ➢ समूह/सहकारी संस्थाको हकमा दर्ता, प्यान नं., आ.व. २०८३/८४ मा कर चुक्ता भएको/म्याद थपको प्रमाणपत्रको प्रमाणपत्र/म्याद थपको पत्र, कार्यक्रम सञ्चालन सम्बन्धी संस्थाको निर्णय र अखितयारीनामा ➢ स्थानीय तहको कृषि विकास शाखा वा वडा कार्यालयबाट सिफारिस पत्र । ➢ निवेदक/संस्थाको सदस्यहरुले खेति गर्ने जग्गाधनीको प्रमाणपत्रको प्रतिलिपि वा वा लिजमा लिएको अवस्थामा जग्गाधनीपुर्जाको तथा कम्तीमा ५ वर्षको करारनामा पत्रको स्पष्ट स्वयं-प्रमाणित प्रतिलिपि ➢ सम्बन्धित बालीको कार्ययोजना तथा प्रस्तावित क्रियाकलाप सहितको लागत अनुमान र स्व-घोषणापत्र	क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम • उन्नत बीउ, कृषि चुन • औजार तथा यन्त्र उपकरणहरु • साना सिंचाई व्यवस्थापन • तालिम तथा क्षमता अभिवृद्धि ख) बजार प्रवर्द्धन कार्यक्रम • वेईङ्ग/डिजिटल ब्यालेन्स
८	मूल्य श्रृंखलामा आधारित व्यवसायिक आँप खेती आयोजना अन्तर्गत पुरानो बगैंचा व्यवस्थापन कार्यक्रम	कृषक/ कृषि उद्यमी/ कृषि समूह/ कृषि सहकारी	➢ कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम। ➢ कृषकको हकमा नागरिकता प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपि। कृषक समूह/कृषि सहकारी/उद्यमीहरुको हकमा दर्ता नविकरण, स्थायी लेखा नं. (PAN) र २०८३/८४ मा कर चुक्ता भएको/म्याद थपको प्रमाणपत्रको स्वयं-प्रमाणित प्रतिलिपि। ➢ समूह/सहकारी संस्था/साझेदारी फार्म तथा कम्पनीको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा अख्तियारी पत्र तथा संचालक समितिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणीको निर्णयको प्रतिलिपि स्वयं प्रमाणित गरि पेश गर्नु पर्नेछ । ➢ स्थानीय निकायमा रहेको कृषि विकास शाखा वा वडा कार्यालयको सिफारिसपत्र। ➢ कृषकको हकमा नयूनतम १० कट्ठा, कृषि उद्यमी /फार्मको हकमा न्यूनतम १ बिग्घा, कृषक समूहको हकमा न्यूनतम ५ बिग्घा र कृषि सहकारीको हकमा न्यूनतम १० बिग्घा क्षेत्रफलमा व्यवसायिक रुपमा आँप खेति गरिएको जग्गाधनीपुर्जाको स्पष्ट स्वयं-प्रमाणित प्रतिलिपि वा लिजमा लिएको अवस्थामा जग्गाधनीपुर्जाको तथा कम्तीमा ५ वर्षको करारनामा पत्रको स्पष्ट स्वयं-प्रमाणित प्रतिलिपि।	क) उत्पादन तथा उत्पादकत्व वृद्धि सामग्री • तालिम तथा क्षमता अभिवृद्धि • बोर्डो मिश्रण/ बोर्डो पेष्ट/ बोर्डो पेन्ट • साना सिंचाई व्यवस्थापन (२/३/४ ईन्च व्यास स्यालो ट्युबवेल जडान) • यन्त्र उपकरणमा सहयोग (मिनी ट्र्याक्टर/पावर स्प्रेयर/मिनि टिलर/पावर विडर/प्रुनिङ्ग टुल्स) • उपकरण (फ्रुट पिकर, पिकिङ्ग नेट/सिँढी) • गडयौला मल उत्पादन संरचना निर्माण तथा संचालन • सुक्ष्म खाधतत्व र झोलमल • रोग तथा किरा व्यवस्थापनका लागि आई.पी.एम विधिका सामग्रीहरु • फ्रुट ब्याग • नोट: मिनी ट्र्याक्टरको हकमा न्युनतम १ बिग्घा क्षेत्रफलमा खेती गरिएको हुनुपर्नेछ। (ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम • ग्रेडिङ्ग मेसिन, धुने मेसिन, ड्रायर • प्याकेजिङ्गका लागि क्रेट (प्लाष्टिक/काठको), कार्टुन बक्स, पोलि ट्युब नेटिङ्ग फोम, लेबलिङ्ग तथा स्टिकर • साना तथा घरेलु प्रशोधन (जाम, जेली, अचार, जुस, अमोट आदि) को लागि यन्त्र उपकरण तथा पूर्वाधार निर्माण सहयोग

राजीव कुमार यादव
कार्यालय प्रमुख
(अधिकृतस्तर दशौं)

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
महोत्तरी, जलेश्वर

Email: akcmahottari@gmail.com
Website: akcmahottari.p2.gov.np
Phone: 044520495, 9854032245
FB: facebook.com/akc.mahottari

प.सं. : ०८३/०८४

क्र. सं.	कार्यक्रमहरु को नाम	लक्षित वर्ग	प्रस्ताव पेश गर्न आवश्यक कागजातहरु	खर्च गर्न सकिने क्षेत्रहरु
			समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट यस आर्थिक वर्ष वा विगत २ आर्थिक वर्ष भित्र अनुदान नलिएको स्व-घोषणा पत्र।	
९	बीउबीजन आत्मनिर्भर कार्यक्रम	बीउबिजन उत्पादक संस्था/ कम्पनी	➢ कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम। ➢ संस्था/कम्पनी दर्ता र गत आ.व. सम्म नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, ➢ मूल/प्रमाणित/उन्नत बीउ बिजन उत्पादन तथा बजारीकरणको लागि प्राप्त इजाजतपत्रको प्रतिलिपि, ➢ स्थानीय तह/कृषि शाखा/वडा कार्यालय को सिफारिस, ➢ लाभान्वित वर्गको बीउ बिजनको क्षेत्रमा अनुभव, ➢ लाभान्वित वर्गको लगानीको सुनिश्चितता, ➢ प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल/संख्या, ➢ प्यान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि। एक वर्षभन्दा पुरानो लाभग्राहीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि, ➢ कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि, ➢ आवेदक संस्थाले गर्नु पर्ने बैंकको कर्जा लगानीको सुनिश्चितता पत्र वा आफै सक्षम भएको अवस्थामा बैंक खाताको स्टेटमेन्टको प्रतिलिपि	• मूल/स्रोत/प्रमाणित/उन्नत बीउ उत्पादन कार्यक्रमः आवश्यक पूर्वाधार तथा अन्य व्यवस्थापनमा सहयोग । • पोष्टहार्भेष्ट सेन्टर स्थापना (गोदाम भवन, बीउ सुकाउने Floor स्थापना गर्न आर्थिक/वस्तुगत प्रोत्साहन । • खाद्यान्न, दलहन र तेलहन बालीको गुणस्तरीय बीउ उत्पादनका लागि ड्राईङ्ग, प्रशोधन, गुणस्तरीकरण,बीउ परीक्षण, ट्रिटीङ्ग, प्याकेजिङ, लेबलिङ, ढुवानी, भण्डारण, वितरण तथा बजारीकरण सम्बन्धी कार्यहरु। • सिप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरु

<u>कार्यक्रमबाट उपलब्ध हुने अनुदान प्रतिशत</u>

१. साना सिँचाई व्यवस्थापनको हकमा (*साना सिंचाई व्यवस्थापन सम्बन्धी कार्यहरू "भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३" अनुसार सामान्यतयाः कृषकको हकमा २ विघा र संस्थाको हकमा ४ विघा जग्गाको धनी प्रमाणपत्रको प्रतिलिपि पेश भएको हुनु पर्नेछ। उखु, फलफूल, रैथाने, पुष्प र तरकारी बालीको हकमा न्यूनतम १ विघा जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि पेश भएको हुनपर्ने।*)

२. यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम संचालन कार्यविधी परिमार्जन/संशोधन भए अनुसार थप घट हुनेछ ।

३. गत दुई आ.व.मा अनुदान नपाएका उन्नत प्रविधि अवलम्बन गरेको, व्यवसायिक खेती गर्ने बढी लागत सहभागिता भएको व्यक्ति/संस्थालाई प्राथमिकता दिइने छ ।

४. म्याद नाघी प्राप्त भएका, झुठ्ठा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द हुनेछ तथा त्यसको जिम्मेवार आवेदक स्वयं हुनेछ।

५. छोटो सुचीमा नपरेका/रित नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन ।

६. अधिकतम अनुदान प्रतिशत "कृषि क्षेत्रमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७६" मा व्यवस्था भए बमोजिम कायम हुनेछ।

७. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. प्रस्ताव छनौट तथा सम्झौताको चरणमा आवश्यक थप कागजातहरु माग गरेमा आवेदकले पेश गर्नु पर्नेछ। ती कागजातहरु बुझाउन नसके छनौट/सम्झौता गरिनेछैन ।

(नोटः थप जानकारीको लागि यस कार्यालयको सुचना अधिकारी श्री अबिरल कुमार महतो कुशवाहा (९८५४०३२२४६), कृषि प्रसार अधिकृत श्री प्रिति चौधरी (९८४४२९७७३७), बाली संरक्षण अधिकृत श्री प्रतिभा साह (९८४२११३६६१) वा कृषि ज्ञान केन्द्र, महोत्तरीमा सम्पर्क गर्न सकिनेछ।

.....
राजिव कुमार यादव
राजीव कुमार यादव
कार्यालय प्रमुख
(अधिकृतस्तर दश्रौं)